ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक ३२६
१० भदौ २०८० आइतबार
27 Aug. 2023, Sunday
www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# ‘लोप’ हुने अवस्थामा लोसपा, महन्थ र राजेन्द्रको राजनीति संकटमा



**खबर दर्पण समाचारदाता**

**भदौं ९ गते, महेन्द्रनगर**

कुनै समय नेपालको राजनीतिमा उथलपुथ ल्याउने क्षमता राख्ने महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को स्थपाना भएको आज दुई वर्ष पूरा भएको छ। पार्टीले स्थापना दिवस मनाइरहदाँ लोसपाको जनधार रहेको मधेश प्रदेशको राजधानी जनकपुरधाममा भने पार्टीको गतिविधि शून्य छ। पार्टीले न कुनै कार्यक्रम राखेको छ न कार्यकर्ताहरूमा कुनै उत्साह देखिन्छ । सर्वसधारण भन्दा पनि पार्टीका सक्रिय कार्यकर्तालाई नै थाहा छैन आज पार्टीको स्थापना दिवस हो भनेर ।

२०७४ सालको निर्वाचनमा प्रतिनिधिसभामा १७ सिट ल्याएर मुलुकको तेस्रो शक्तिको रुपमा उदाएका महन्थ ठाकुर नेतृत्वको तत्कालीन राष्ट्रिय जनता पार्टीले लोसपासम्मको यात्रा गर्दा अस्तित्व नै समाप्त हुने अवस्थामा पुगेको छ। तत्कालीन राजपा र तत्कालीन संघिय समाजवादी पार्टी मिलेर जसपा निर्माण भएको थियो। तर २०७९ सालको निर्वाचनअघि नै जसपा विभाजित भई महन्थ ठाकुर को नेतृत्वमा लोसपा गठन भयो। र यो पार्टी प्रतिनिधिसभामा ४ सिटमा सीमित मात्रै भएन राष्ट्रिय पार्टीका लागि थ्रेस होल्ड पनि कटाउन सकेन । लोसपा २०७९ सालको निर्वाचनमा मधेश प्रदेशमा ९ र लुम्बनी प्रदेशमा ३ सिटमा सीमित भयो ।

चर्चित नेता रेशम चौधरीलाई पार्टीमा जोडर राख्न नसक्दा लोसपाको हातबाट सुदूरपश्चिमको मत पनि फुत्कियो । त्यसैगरी, २०७४ सालको स्थानीय तहको निर्वाचनमा २६ पालिका प्रमुखसहित १ हजार १११ जना जनप्रतिनिधि निर्वाचित गराउन सफल भएका अध्यक्ष ठाकुर २०७९ सालको निर्वाचनमा ४ पालिका प्रमुखसहित मात्र १ सय ५२ जना जनप्रतिनिधिमा खुम्चिए ।

दुई वर्षअघि अलग पार्टीको रुपमा जसपासँग विभाजित भएको लोसपाले यो अवधिमा जो गुमाएका छ त्यो पूरा गर्न दशक लाग्ने र ाजनीतिक विश्लेषकहरूको भनाइ छ । कांग्रेस त्याग गर्दा जुन धार लिएर मधेशको राजनीतिमा ठाकुर सक्रिय भएका थिए, अहिले जीवनको उत्तरार्द्धमा त्यो धारलाई उनले बागमतीमा विर्सजन गरेको उनीमाथि आरोप लगाउनेहरू छन् । मधेश आन्दोलन ताका मधेश मुद्दामा काठमाडौ तताउने युवाहरू अहिले ठाकुरलाई छोडेर सिके राउतको जनमततर्फ आकर्षित हुन थालेका छन् ।गत ५ भदौमा मात्रै लोसपाका युवा नेता तथा युवा संघका केन्दीय सदस्य रिकी सिंहको नेतृत्वमा दर्जानौ युवाहरू जनमतमा प्रवेश गरे । त्यसको एक महिना अघि मात्रै लोसपाका केन्द्रीय सदस्य तथा सप्तरी इन्चार्ज सशत सिंह यादव, पार्टीका वीरगंज महानगर पालिकाका नगर अध्यक्ष ओमप्रकाश सरार्फलगायतका नेता तथा कार्यकर्ताहरू जनमतमा प्रवेश गरेका छन् । यी नेता तथा कार्यकर्ताहरू लोसपाका ठूला योद्धाहरू थिए, जसको जिल्लादेखि काठमाडौंसम्म पार्टीलाई गतिशिल बनाउन ठूलो भूमिका हुन्थ्यो ।

लोसपाका एक नेताको भनाइमा लोसपा अब लोसपा रहेन । नेतृत्वको असक्षमता र मौनताले अब लोसपा लोप हुने अवस्थामा पुगेको छ। ‘जसपाबाट अलग हुँदा लोसपाको कार्यकारणी समिति ३० सदस्यीय थियो। तर अहिले बैठक हुँदा १० जना पनिको उपसस्थिति हुँदैन’, लोसपाका एक नेताले भन्छन्, ‘एक त कार्यकारणी समितिको बैठक नै हुँदैन। यो दुई वर्षको अवधिमा ३/४ पटक मात्रै बैठक भएको होला । तर यी बैठकहरूमा १०/१२ जनाभन्दा बढी उपस्थित हुँदैनन् ।’ पार्टीका नेतृत्व तह नै निक्रिय हुँदा त्यसको प्रभाव जिल्ला र प्रदेशमा पर्नु स्वाभाविक रहेको उनी बताउँछन् ।

लोसपा बनेको दुई वर्ष भएको छ। तर अहिलेसम्म जिल्ला कमिटीहरू गठन भएका छैनन्। जिल्लामा पार्टी विभाजन ताका तोकिएको तर्दथ समितिहरू मात्रै छन् । भ्रातृ संगठनहरूको अवस्था त पार्टीको संठनभन्दा दयीनय छ। कुनै भ्रातृ संगठन सक्रिय छैनन् । स्ववियु विर्नाचन ताका विद्यार्थी मंच थौरै सक्रिय भएको थियो। त्यसमा पनि विवाद भएर कुनै पनि क्याम्पसमा जित्न सकेनन् । जनकपुरधामको राराब क्याम्पसमा मात्रै स्ववियुको सचिवमा निर्वाचित भए ।

यसरी पछिल्लो दुई वर्षको अवधिमा पार्टीको अस्तृत्वि नै संकटमा पर्ने गरी ग्राफ ओरालो लाग्नुको मुल कारण पार्टी नेतृत्वको अक्षमतता, गतिहिनता रहेको पार्टीकै नेताहरूको भनाइ छ। लोसपाका एक जना प्रदेश सासद भन्छन्, ‘ठाकुरजी जीवनको उत्तरार्द्धमा हुनुहुन्छ। अब उहाँमा ऊर्जा छैन। मुद्दाप्रतिको लगनशिलता छैन । न त कुनै इच्छा पूरा हुन बाँकी छ । उहाँले जे पाउनुपर्ने थियो, त्यो सबै पाइसक्नुभएको छ । अब के का लागि संर्घष गर्छन् ? पार्टीलाई गतिशिल बनाउने नेतृत्वले हो, नेतृत्व नै गतिहिन भएपछि पार्टीको हविगत यस्तै हुन्छ । त्यसकारण उहाँले अब आफ्नो स्वइच्छाले कसैलाई जिम्मेवारी हस्तारण गरेपछि मात्रै पार्टीको अस्तित्व जोगिन्छ।’तत्कालीन राजपा अलग भई पुनः गठन भएको तराई मधेश लोकतान्त्रिक पार्टीका नेता मोहम्मद असगर अली लोसपा ओरालो लाग्नुको पछाडि लोसपाभित्र रहेका

*बाँकी पृष्ठ ३ मा*

# लोकतन्त्रलाई मजवुत गर्न काँग्रेसलाई मजवुत बनाउन नेता निधिको आग्रह




**खबर दर्पण समाचारदाता**

**भदौं ९ गते, जनकपुर**

नेपाली काँग्रेसका केन्द्रीय सदस्य एवम पूर्व उपप्रधानमन्त्री बिमलेन्द्र निधीले मुलुकमा संघीयता आए पनि सोअनुरुप काम हुन नसकेको बताउनुभएको छ । श्री महावीर युवा कमिटिले जनकपुरधाममा शनिबार आयोजना गरेको नवनिर्वाचित पदाअधिकारीको सपथ ग्रहण एवम् पद हस्तान्तरण समारोहमा उहाँले सो कुरा बताउनुभएको हो ।

संघ, प्रदेश र स्थानीय तहले आफनो अधिकार क्षेत्रभित्र रहेर आमनागरिकलाई सेवा दिनुपर्ने उहाँले बताउनुभयो। उहाँले मधेश भनेको काँग्रेस र काँग्रेस भनेको मधेश हुनुपर्नेमा मधेसी नागरिकले कांग्रेसलाई भोट नदिएर दूरावस्था आएको बताउनुभयो ।

उहाँले लोकतन्त्र मजवुत भएमा मात्रै देश र देशका नागरिक मजवुत हुने भन्दै लोकतन्त्रलाई मजवुत गर्न काँग्रेसलाई मजवुत बनाउन आग्रह गर्नुभयो। काँग्रेसका पूर्व उपसभापति समेत रहनुभएका नेता निधीले देशको हरेक परिवर्तनमा मधेशका युवाहरुको भूमिका महत्वपुर्ण रहेको बताउनुभयो ।

श्री महावीर युवा कमिटि जनकपुरधामका अध्यक्ष बलराम साहको अध्यक्षतामा भएको सो कार्यक्रममा निर्वाचन समितिका प्रमुख राकेशविक्रम साहले नवनिर्वाचित अध्यक्ष अजयकुमार गुप्तासहित पदाअधिकारीलाई पद तथा गोपनीयताको सपथ ग्रहण गराउनुभयो ।कार्यक्रममा नेपाली काँग्रेसका प्रदेशसभा सदस्य रामसर ोज यादवसहित विभिन्न क्षेत्रका व्यक्तिले नवनिर्वाचित पदाअधिकार ीहरुलाई सफल कार्यकालको शुभकामना दिनुभयो ।

# धनुषा प्रहरीद्वारा अबैध रुपमा वालुवा उत्खनन् गर्ने ट्याक्टर नियन्त्रणमा

**धनुषा-**धनुषा प्रहरीले अवैध रुपमा बालुवा उत्खनन् गर्ने एउटा ट्याक्टरलाई नियन्त्रणमा लिएको छ ।

शनिबार करिब पौने १२ बजेको समयमा इलाका प्रहरी कार्यालय भरतपुरबाट खटिएको प्रहरी टोलीले गणेशमान चारनाथ नगरपालिका ४ स्थित चारनाथ खोलामा अबैध रुपमा उत्खन्न गर्दै गरेको अबस्थामा प्रदेश २ को ८६४ नम्बरको ट्याक्टर नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

**सार्वजनिक स्थलमा धुम्रपान नगरौं ।**

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Hot line number
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशनको सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# डुबान तथा बाढी पहिरोको जोखिम नियन्त्रण गरिनुपर्छ

मनसुन सुरुवातसँगै बाढी पहिरोले जनजीवन आक्रान्त बनेको छ। असार पहिलो हप्ता पूर्वी नेपालको पहाडी जिल्लाबाट सुरु भएको बाढी, पहरोको प्रकोप साउनसम्म आइपुग्दा विकराल बनेको छ। बाढीले तराई डुबानमा परेको छ भने पहाडी भाग पहिरोले क्षतविक्षत भएको छ। साउन २२ गतेदेखि तीन दिन लगातारको वर्षाले बाढीको वितण्डा मच्चिएको छ।

हुन त देशमा बाढीको प्रकोप देखा परी सहरी इलाकामा पस्नु नौलो कुरा होइन। तर प्रत्येक वर्ष मनसुन आगमनसँगै यस्तो प्रक्रिया बढ्न थालेपछि भने चिन्ताको विषय बनेको छ। जबकि पाका व्यक्ति यसरी खोला सहर पसेको जानकारी नभएको बताउँछन्। उनीहरूका अनुसार खोला स्वतन्त्ररूपले आफ्नो बाटो लाग्थ्यो भने घर पनि खोलाका छेउमा देखिँदैनथ्यो।

खोलाले सहरमा डेरा जमाउन थालेपछि जनगुनासो पनि बढ्न थालेको छ। उनीहरू बाढी आउनुको कारण खोज्दै मनको बह पोख्न थालेका छन्- 'खोला सहर पसेको हो कि सहर खोला पसेको हो?' वास्तवमा दुइटै कुरा मनन योग्य छन्। विगत केही दशकदेखि आधुनिकीकरणका नाममा उपत्यकाका विभिन्न नदी, खोला अतिक्रमण गरी भौतिक संरचना निर्माण भएका छन्। खोला मिच्न थालेपछि खोलाको बाटो साँघुरिन थालेको छ। घर-घरबाट निस्कने फोहोर तथा अन्य ठोस पदार्थ नदी, खोलामा फाल्नाले खोलाको बहावमा अवरोध खडा भई वैकल्पिक मार्ग खोज्दै खोला सहर पस्न थालेको छ।

घर-घरमा खोलाको अतिक्रमण हुनुको अर्को कारण उपत्यकामा बढ्दो जनसंख्याले सिर्जिएको नदी तथा खोलाछेउ अव्यवस्थित भौतिक संचना तथा बस्ती निर्माणलाई लिन सकिन्छ। जनसंख्या वृद्धिको चापसँगै नदी, खोलाले छाडेको स्थानमा घर, टहरा निर्माण भएपछि घर-घरमा बाढी पस्नु स्वाभाविक मानिन्छ। उपत्यकामा मात्र नभई देशको अन्य भागमा पनि यो समस्या रहेको स्पष्टरूपमा देख्न सकिन्छ। यसै सन्दर्भमा बाढीसम्बन्धी अध्ययनलाई दृष्टिगत गर्दा मानव बस्तीहरूमा बाढी पसी जनधनको क्षति हुनुमा स्वयम् मानिसका क्रियाकलाप त्रुटिपूर्ण रहेका पाइन्छ। तर विश्वव्यापीरूपमा बाढीको बढ्दो प्रकोपलाई दृष्टिगत गर्दा यसमा प्रकृतिको बदलिँदो स्वरूपको पनि अहम् भूमिका देखिन्छ। अहिले विश्वव्यापीरूपमा देखा परेको जलवायु परिवर्तन बाढी निम्त्याउने प्रमुख कारण बन्दै गएको वैज्ञानिकहरूको ठहर छ। वैज्ञानिक अध्ययनअनुसार जलवायु परिवर्तनले वायुमण्डलीय तापमान वृद्धि हुने गर्छ।

# कार्बनशून्य प्रतिबद्धतामा विकसित राष्ट्र उदासीन

विनोद भण्डारी

गएको जुलाई ४ मा पृथ्वीको अहिलेसम्मकै सबैभन्दा बढी औसत तापक्रम १७.१८ डिग्री सेल्सियस रेकर्ड गरिएको छ । अत्यधिक गर्मीका कारण मेक्सिकोमा सयभन्दा बढी नागरिकको हालसालै मृत्यु भयो । भारतको विहारमा एक महिनाअघि अत्यधिक गर्मीसँग सम्बन्धित रोगका कारण करिब ४४ जनाको मृत्यु भयो । क्यानडाको ब्रिटिस कोलम्बियामा करिब दुई महिनाअघि लागेको वन डढेलो अझै नियन्त्रणमा आउन सकेको छैन, जसले अमेरिकाको भर्जिनिया राज्य बराबरको वनलाई सखाप पारि सकेको छ । इरानले अत्यधिक गर्मीका कारण केही दिन सार्वजनिक बिदा दिनु पऱ्यो । दशककै धेरै अतिवृष्टिका कारण वेइजिङमा ११ जनाको मृत्यु भएर एक लाखभन्दा बढी नागरिक विस्थापित भए ।

जलवायु परिवर्तनका कारण पछिल्ला दिनमा भएका यी केही प्रतिनिधिमूलक घटना हुन् । जीवाश्म इन्धन (फोसिल फ्युल) को बढ्दो प्रयोग, औद्योगीकरण, वन विनाश आदि जलवायु परिवर्तनका कारण हुन् । त्यसमध्ये विशेष गरी जीवाश्म इन्धनको प्रयोगबाट हरित गृह ग्यास उत्सर्जन मुख्य कारण हो । विश्वमा उत्सर्जन हुने कार्बनडाइअक्साइडको ७५ प्रतिशत विभिन्न ऊर्जाका पावर हाउसमा प्रयोग हुने जीवाश्म इन्धनबाट मात्रै आउने गरेको अध्ययनहरूले देखाएको छ । अनि जीवाश्म इन्धनले उत्पादन गर्ने कार्बनडाइअक्साइडमध्ये करिब ४० प्रतिशतमा कोइलाको एक्लै योगदान छ । कार्बनडाइअक्साइड हरितगृह ग्यासको सबैभन्दा बढी योगदान गर्ने ग्यास हो, जसले जलवायु परिवर्तनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । त्यसैले कोइलाबाट चल्ने पावर प्लान्टहरू जलवायु परिवर्तनका महत्वपूर्ण कारक हुन् ।

विश्वमा उत्पादित बिजुलीमध्ये करिब एकतिहाइ विद्युत् कोइलाबाट चल्ने पावरहाउसबाट उत्पादन हुने गर्छ । सन् २०२२ को तथ्याङ्क अनुसार सबैभन्दा बढी कोइला प्लान्टहरू भएका देशहरू पहिलोमा चीन, दोस्रोमा भारत, तेस्रोमा अमेरिका र चौथोमा जापान रहेका छन् । यी चार देशले विश्वमा कोइलाबाट उत्पादन हुने बिजुलीको ७५ प्रतिशतभन्दा बढी उत्पादन गर्छन् । सबैभन्दा बढी जडित क्षमता भएको चीनको एक हजार गिगावाट क्षमता रहेको छ; जुन अमेरिकाको (तेस्रो स्थानमा रहेको) अहिले सञ्चालनमा रहेकोभन्दा चार गुणा बढी क्षमता हो । दोस्रो नम्बरमा रहेको भारतले विश्वमा प्रयोग हुने कोइलाको १० प्रतिशतभन्दा बढी खपत गर्छ । सन् २०२१ को तथ्याङ्क अनुसार कोइला, पेट्रोल र डिजेलबाट वातावरणमा उत्सर्जन हुने प्रदूषणका कारण क्यान्सर, फोक्सो र मुटुसम्बन्धी रोगबाट बर्सेनि ८० लाख नागरिकको मृत्यु हुने गरेको छ । सोही अनुसन्धान अनुसार पाँचमध्ये एक जनाको ज्यान जानुमा जीवाश्म इन्धनले निम्त्याउने वायु प्रदूषण कुनै न कुनै रूपमा जिम्मेवार रहेको छ ।

यति धेरै बेफाइदा भएकै कारण धेरै अघिदेखि कार्बनशून्य बनाउने उद्देश्यले विभिन्न देशले केही प्रयास गर्दै आइरहेका छन् । जलवायु परिवर्तनका घातक परिणामलाई आउन नदिन विश्वको तापमान १.५ डिग्रीभन्दा बढ्न दिनु हुँदैन । अहिले पृथ्वीको तापक्रम सन् १८०० भन्दा करिब १.१ डिग्रीले बढिसकेको छ । सन् २०१५ को पेरिस सम्झौता अनुसार विश्व तापक्रमलाई १.५ डिग्री सेल्सियसमा सीमित पार्न २०३० सम्म कार्बन उत्सर्जन ४५ प्रतिशतले घटाउने र २०५० सम्म शून्यकार्बन उत्सर्जनको उद्देश्यमा सबैजसो देश सहमत भएका थिए । त्यस्तै अर्को एक अनुमान अनुसार कोइलाबाट उत्पादित बिजुली प्रतिवर्ष १४ प्रतिशतले घट्दै गएमा सन् २०५० सम्म नेट कार्बन जिरोमा झार्न सकिन्छ । त्यसका लागि कोइलाबाट चल्ने प्लान्टहरूलाई नवीकरणीय ऊर्जाले विस्थापित गर्ने भनेर सबैजसो देशले प्रतिबद्धता जनाएका थिए तर विशेष गरी कोइलालाई निरुत्साहित गर्ने रणनीतिमा विश्वका ठुला शक्तिशाली मुलुकहरू नै उदासीन भएको पाइन्छ । यसको पुष्टि मुख्य रूपमा चीन र जापानको क्रियाकलापले गरिरहेको छ ।

**चीनको द्वैध चरित्र**

चीनले ऊर्जा मिश्रण र ऊर्जा सुरक्षालाई महत्वपूर्ण मान्दै आफ्ना नीति एवं काम अगाडि बढाइरहेको छ । जसमा कोइला, जलविद्युत्, सौर्य, वायु र न्युक्लियर ऊर्जाहरू रहेका छन् । एकातिर सौर्य, वायु जस्ता नवीकरणीय ऊर्जाको क्षेत्रमा विश्वलाई नेतृत्व गरिराखेको चीनले अर्कोतिर कोइलाबाट चल्ने ऊर्जाका स्रोतहरूलाई विस्थापित गर्ने कुनै ठोस काम गरिराखेको देखिँदैन । नवीकरणीय क्षेत्रमा चीनको योगदान व्यापक छ । अन्तर्राष्ट्रिय नवीकरणीय ऊर्जा एसोसिएसनका अनुसार अमेरिकाको भन्दा सौर्य ऊर्जामा साढे तीन गुणा बढी चीनको जडित क्षमता छ भने वायु ऊर्जामा २.६ गुणा बढी क्षमता छ ।सौर्य ऊर्जादेखि ब्याट्री स्टोरेज हुँदै विद्युतीय गाडीसम्म चीनले संसारको धेरैजसो सफा ऊर्जामा मुख्य योगदान गरिराखेको छ तर ऊर्जा सुरक्षा, ऊर्जा मिश्रण तथा आन्तरिक राजनीतिका कारण चीनले कोइला प्रयोग हुने ऊर्जाका प्लान्टलाई घटाउन हिच्किचाइरहेको छ बरु बढाउँदै लगेको विभिन्न तथ्यले देखाउँछ ।

हुन त चीनले पनि पेरिस सम्झौतालाई समर्थन नै गरेको छ । साथै सन् २०२१ सेप्टेम्बरमा चीनका राष्ट्रपति सी चिनफिङले कोइलाबाट उत्पादन हुने कुनै पनि नयाँ ऊर्जाका परियोजना स्वीकृत नगर्ने अडान लिएका थिए तर एक साता नबित्दै तातो मौसमले चीनको प्रसारण लाइनमा समस्या भएर ब्लाकआउट भयो । एक्कासि गएको विद्युत्ले गर्दा विभिन्न केमिकल कारखानामा विस्फोट भएर दर्जनौँ कामदार घाइते भए । यस घटनाले चीनमा ऊर्जा क्षेत्रमा कोइला ऊर्जाको आपत्कालीन माग सिर्जना गऱ्यो । रुस-युक्रेनको द्वन्द्व र त्यसपछिको रुसले युरोपमाथि लगाएको ऊर्जा प्रतिबन्धले चीनलाई कोइलामा झन् बढी आश्रित हुने वातावरण बन्यो । सन् २०११ मा जापानको फुकुसिमामा भएको आणविक प्लान्टको दुर्घटनापछि चीनले जापाननजिकको तटमा आणविक प्लान्टलाई पनि सकेसम्म प्राथमिकतामा राखेको छैन ।

चीनको जलवायु परिवर्तनसम्बन्धी ठुलो समस्या भनेको कोइलाको अत्यधिक प्रयोग हो । अनि अरू देशमा भन्दा फरक तरिकाले चीनले कोइलाको उत्खनन भूमिगत रूपमा गर्छ । भूमिगत रूपमा कोइलाको उत्खनन् गर्दा मिथेन ग्यास वातावरणमा जान्छ । मिथेन कार्बनडाइअक्साइडभन्दा २० देखि ८० गुणाले वातावरणलाई तताउने क्षमता राख्छ । अध्ययन अनुसार चीनमा उत्सर्जन हुने मिथेन ग्यासमध्ये एक चौथाइ मात्रा कोइला खानीबाट निस्कन्छ ।

एउटा अनुसन्धान समूह ग्लोबल इनर्जी मोनिटरका अनुसार सन् २०२३ को सुरुवाती दिनसम्म चीनमा कोइलाबाट उत्पादन हुने करिब ३०० पावर प्लान्ट प्रस्ताव एवं निर्माणको चरणमा रहेका छन् । यो भनेको विश्वमा कोइलाबाट उत्पादन हुँदै गरेको क्षमताको करिब दुईतिहाइ हो ।

**जापानको एमोनिया प्रविधिको मोह**

आउने केही वर्षमा कोइलालाई शून्य गर्ने कुरामा सहमत भएका विकसित मुलुकमध्ये जापान पनि एक हो तर जापान कोइलालाई विस्थापित गर्नेभन्दा पनि कोइलाबाटै कम हानि गर्ने प्रविधिलाई अवलम्बन गर्दै अगाडि बढ्ने सुरमा छ । जसले गर्दा जलवायु परिवर्तनको सन्दर्भमा उसको प्रतिबद्धतामा शङ्का गर्ने ठाउँ देखिन्छ । *गोरखापत्रबाट*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# किन निराश छन् जनकपुरमा अर्बौं लगानी गरेका होटल व्यवसायी?

टीकाराम सुनार / निरञ्जनकुमार साह

**भदौं ९ गते, जनकपुर**
हिन्दू धर्मावलम्बीहरूका लागि पवित्र तीर्थस्थलका रुपमा रहेको धनुषाको जनकपुरधाम पछिल्लो समय 'होटल हब'का रुपमा विकास हुँदैछ। धार्मिक पर्यटकहरूलाई लक्षित गरी धर्मशालाबाट होटलमा प्रवेश गरेको जनकपुरमा पछिल्लो समय ठूलो लगानीका व्यावसायिक होटल पनि खुल्न थालेका छन्।

यहाँ सानो तथा ठूलो लगानीका करिब दुई सय होटल सञ्चालनमा छन्। ती सबै होटलमा हालसम्म करिब १० अर्ब लगानी भइसकेको र करिब पाँच हजारलाई प्रत्यक्ष रोजागारी दिइएको व्यवसायीहरूको दाबी छ।

घरेलु तथा साना उद्योग कार्यालय धनुषाको १० वर्षको तथ्यांक हेर्दा पनि यहाँ होटलको संख्यामा ठूलो लगानी भइरहेको देखिन्छ। जनकपुर उद्योग वाणिज्य संघ र होटल व्यवसायी संघ जनकपुरको विवरणले पनि यहाँ बर्सेनि होटलहरू थपिने क्रम जारी रहेको देखाउँछ। तर आर्थिक क्रियाकलाप र बजारको दायरा नबढेकाले व्यवसायीहरू भने उत्साहित छैनन्। जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ आर्थिक तथा धार्मिक पर्यटकीय गतिविधि बढ्ने आशैआशमा होटलमा लगानी बढिरहे पनि पछिल्लो समय धेरै व्यवसायी निराश रहेको बताउँछन्। संघका वरिष्ठ उपाध्यक्ष मनिषर मण साह राज्यले अत्यावश्यक पूर्वाधार निर्माण र अनुकुल वातावरण बनाइदिने हो भने जनकपुरको होटल व्यवसायले नेपालकै अर्थतन्त्रको विकासमा गुणात्मक योगदान गर्नसक्नेमा आशावादी देखिन्छन्। होटल व्यवसायी संघका अध्यक्ष सुरेन्द्र भण्डारी पनि जनकपुरका होटलहरूले लगानीअनुसार प्रतिफल पाउन नसकेको गुनासो गर्छन्।

**धर्मशालाबाट उठेको व्यवसाय**
जनकपुर हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्रका रुपमा परिचित छ। मिथिलाञ्चलका चक्रवर्ती राजा जनकपुत्री सीता र रामको वैवाहिक सम्बन्धसँग जोडिएकाले पनि विश्वका करोडौं हिन्दू धर्मावलम्बीले यसलाई पवित्र तीर्थस्थलका रुपमा लिँदै आएका छन्। त्यसैकारण भारत र नेपालका विभिन्न भूभागबाट जनकपुर दर्शनमा आउने क्रम परापूर्वकालदेखि नै चलिरहेको छ। होटल व्यवसायी विजय झुनझुनवाला तिनै तीर्थालुलाई लक्षित गरी जनकपुरधाममा होटल व्यवसायको विकास भएको बताउँछन्। उनी भन्छन्, 'जनकपुर धामको मूल चिनारी नै धार्मिक तीर्थस्थल हो। यो भूमि विश्वका अर्बौं मानिसहरूको आस्थाको केन्द्र हो। तिनै तीर्थाटनमा आउने श्रद्धालुलाई लक्षित गरी यहाँ होटल व्यवसायको विकास भएको इतिहास छ।'उनका अनुसार जनकपुरमा धर्मशालाबाट होटलको विकास सुरु भएको र त्यसको श्रेय गोपाल धर्मशालालाई जान्छ। भारतबाट जानकी मन्दिर दर्शन गर्न आउने श्रद्धालु भक्तजनलाई लक्षित गरी २००९/१० सालतिर गोपाल धर्मशालाले न्यूनतम शुल्क लिएर आवास तथा खानाको व्यवस्था गरेबाट यस क्षेत्रको विकास सुरु भएको झुनझुनवालाको भनाइ छ। 'जनकपुरमा धर्मशालाबाट होटलको इतिहास सुरु भएको हो। भारतको कोलकात्ताबाट आएका मारवाडी पोदार परिवारले धार्मिक पर्यटकको




सुविधाका लागि खाने, बस्ने व्यवस्था गरेको र पछि अरु धर्मशालासमेत स्थापना गरिएको पाइन्छ। यो नै जनकपुरमा होटलको जग हो', उनले सुनाए।

मेचीदेखि काठमाडौंसम्म सडक, पूर्वपश्चिम महेन्द्र राजमार्ग निर्माण र २०२४ सालदेखि हवाई सेवा सुरु भएपछि मात्रै यहाँ व्यावसायिक होटलको स्थापना भएको हो। जनकपुरमा २०२४ सालतिर पहिलो होटलका रुपमा 'होटल एभरेष्ट' को स्थापना भएको इतिहास छ। अहिले जनकपुरधाममा साठीभन्दा बढी ठूला होटलहरू सञ्चालनमा छन्। तीमध्ये केही होटलहरू 'तीनतारे' स्तरका छन्। यहाँ होटलहरूको कुल क्षमता करिब एक हजार मानिसलाई बसाउन सक्ने छ।

राज्यले अत्यावश्यक पूर्वाधार निर्माण र अनुकूल वातावरण बनाइदिने हो भने जनकपुरको होटल व्यवसायले नेपालकै अर्थतन्त्रको विकासमा गुणात्मक योगदान गर्न सक्नेमा आशावादी देखिन्छन्। होटल सञ्चालकसमेत रहेका झुनझुनवाला अर्थतन्त्रमा सुधार, आर्थिक क्रियाकलापमा वृद्धि हुँदै गएमा आगामी पाँच वर्षमा ठूलो लगानीका धेरै होटलहरू खुल्ने बताउँछन्। होटल व्यवसायी जीवनाथ चौधरी पनि जनकपुरका होटलहरू आधारभूत रुपमा धार्मिक पर्यटक लक्षित भए पनि समयक्रममा व्यावसायिक हिसावले पनि सञ्चालन भइरहेको बताउँछन्। 'हाम्रो मूल आधार धार्मिक पर्यटन नै हो तर पछिल्लो समय प्रदेश राजधानी पनि बनेपछि लगानी, सेवा र कार्यशैली नै फेर्नुपर्ने अवस्था छ', चौधरीले भने।

अर्का होटल व्यवसायी सन्तोष गिरी धार्मिक कार्यका लागि आउने पर्यटकहरूलाई लक्षित गरी व्यवसायको स्थापना भए पनि दिगो व्यवस्थान, लगानी र बदलिँदो सामाजिक मनोवृत्तिअनुरुप रुपान्तरणको जरुरी रहेको धारणा राख्छन्। कुनै पनि होटल तथा व्यवसाय धार्मिक मान्छेहरूको क्रियाकलापले मात्रै चल्न नसक्ने भन्दै गिरीले अहिलेकै अवस्था रहे जनकपुरमा होटलको भविष्य चुनौतीपूर्ण रहेको बताए।

**'उत्साहित छैनन् व्यापारी'**
जनकपुरलाई मधेश प्रदेशको राजधानी बनाइएपछि पछिल्लो समय सम्भावनाको क्षेत्र थप विस्तार भएको छ। त्यसैगरी सडक, हवाई र रेल सेवाले जोड्ने नेपालको एकमात्र सहर भएकाले यहाँ आवागमन बढ्ने क्रममा छ तर आर्थिक गतिविधि बढ्न नसकेकामा भने व्यापारीहरू निरास छन्। 'जनकपुर भ्रमणमा आउने भारतीय तथा अन्य मुलुकका पर्यटक, स्वदेशी नागरिक, सरकारी तथा गैरसरकारी संघ संस्थाका क्रियाकलाप, सभा, सम्मेलन भएमा होटलको व्यवसाय बढ्ने हो', गिरी भन्छन्,'तर देशको अर्थतन्त्रका समग्र सूचक, जनताको खर्च गर्ने क्षमता र प्रवृत्ति नबदलिएसम्म यस क्षेत्रको भविष्य पनि आशालाग्दो हुने कुरा भएन।'

व्यवसायी झुनझुनवाला र चौधरी पनि सरकारी तवरबाट पर्यटन पूर्वाधार, पर्यटक आवागमनका लागि ठूला अभियान, मधेशको धार्मिक पर्यटनको विकास, विस्तार र प्रचारका लागि काम नभएमा अवस्था आशाजनक नरहेकामा सहमत छन्।

होटल व्यवसायी संघका अध्यक्ष भण्डारी त सङ्ख्यात्मक रुपमा धेरै होटल देखिए पनि धेरैजसो व्यवसायी पलायन हुने अवस्थामा रहेको बताउँछन्। 'झट्ट हेर्दा होटलहरू खुलेकै छन् तर वास्तविकता भने कारुणिक छ। केही होटलको व्यापार ठीकठीकै र हे पनि अधिकांशले लगानी उठाउन र कर्मचारी पाल्न नसक्ने अवस्था छ', भण्डारीले भने,'सरकारबाट सहुलियत नहुने र आर्थिक गतिविधि नबढ्ने हो भने निकट भविष्यमा धेरै होटल बन्द हुन्छन्।'

जनकपुरमा २०२४ सालतिर पहिलो होटलका रुपमा 'होटल एभरेष्ट' को स्थापना भएको इतिहास छ। अहिले जनकपुरधाममा ६० भन्दा बढी ठूला होटलहरू सञ्चालनमा छन्। तीमध्ये केही होटलहरू 'तीनतारे' स्तरका छन्। यहाँ होटलहरूको कुल क्षमता करिब एक हजार मानिसलाई बसाउन सक्ने छ।

महासंघका अध्यक्ष महासेठले पनि अरु व्यवसायको तुलनामा होटल क्षेत्र अहिले पनि चलायमान नै भएकाले धेरै निराश हुनुपर्ने अवस्था नरहेको तर आर्थिक क्रियाकलाप नबढेमा होटलको संख्या मात्रै बढेर नहुने बताए। 'जनकपुर धार्मिक सहर र प्रदेशको राजधानी हो तर यहाँ न उद्योग, कलकारखाना छन् न त नजिकै तेस्रो मुलुकसँग जोड्ने ठूलो नाका छ। यसर्थमा सबै सरोकारवालाहरूले योजनाबद्ध रुपमा केही रणनीतिक महत्वका काम नगर्ने हो भने सोचेअनुरुपको परिणाम हासिल गर्न कठिन छ', महासेठले भने।

महासंघका वरिष्ठ उपाध्यक्ष साह भने धार्मिक आस्थाको केन्द्र अयोध्यामा राम मन्दिर निर्माण भएपछि त्यसको प्रभाव जनकपुरमा पनि पर्ने र त्यसपछि केही सुधार हुने सम्भावना रहेकोमा विश्वस्त छन्। तर त्यसबाट लाभ लिन सरकारले अहिलेदेखि नै रणनीतिक तयारी गर्न जरुरी रहेको उनको भनाइ छ। हिन्दू धर्मको कुरा गर्दा जसरी राम र सीतालाई अलग गर्न सकिँदैन, त्यसैले 'नेपालविना राम पनि अधुरा' र 'सीता माताविना अयोध्या अधुरो' भन्ने भाष्य स्थापित गर्न अहिलेदेखि नै लाग्न सके मात्र जनकपुरमा आर्थिक मन्दीको स्थितिमा सुधार हुने देख्छन् मधेश प्रदेशसभा सदस्य रामसरोज यादव। अहिलेको अवस्थामा जनकपुर भ्रमणमा आउने पर्यटकहरू एकदिन पनि बस्ने अवस्था नरहेकाले कम्तिमा दुई वा दुईभन्दा बढी दिन यही बस्ने अवस्था बनाउन पर्यटकीय गन्तव्य छनोट गरी पर्यटन 'टुर प्याकेज' बनाउन अपरिहार्य रहेको उनको भनाइ छ। 'अहिले बिहान आएर बेलुका फर्किनुपर्ने बाध्यता छ। किनकी जानकी मन्दिर र जनकपुर मात्रै हेर्न त दुई घण्टाभन्दा बढी समय लाग्दैन', यादवले भने,'पर्यटकलाई यहाँका अरु ठाउँमा पनि घुमाएर 'इन्गेज' गराउने र खर्च गर्ने ठाउँ एवं क्षेत्र विस्तार गर्नसके मात्रै हामीले लाभ लिन सक्छौं। त्यसतर्फ प्रदेश र स्थानीय सरकारले अझ बढी ध्यान दिनुपर्छ।'

प्रदेशसभा सदस्य रामअशिष यादवले मिथिलाञ्चलको मौलिक सभ्यातासँग आगन्तुकहरूलाई साक्षात्कार गराउने नयाँ रणनीति अख्तियार गर्न सकेमा होटल मात्रै होइन यहाँको समग्र क्रियाकलाप नै समस्यामा पर्ने  बताए। उनी भन्छन्, 'छिमेकी भारत र अरु मुलुकबाट आउने पर्यटकलाई यहाँका ऐतिहासिक सभ्यता, संस्कार , मौलिक रहनसहन, लोकजीवन, खानपिनको अध्ययन र अवलोकन गर्न मिल्ने गरी हामीले एउटा प्याकेज बनाउन सक्नुपर्छ। त्यसले उहाँहरूलाई केही दिन बस्न अभिप्रेरित गर्ला र यहाँको आर्थिक क्रियाकलापमा योगदान पुग्ला।'

आर्थिक क्रियाकलाप बढ्न नसके पनि सरकारको नीतिका कारण चर्को कर र ब्याज लिने तर पर्यटकको सहुलियतका लागि भन्सारमा पर्यटनमैत्री संरचना, पर्यटन सूचना केन्द्र, अध्यागमन कार्यालय, पर्यटन गन्तव्यको पहिचान, पूर्वाधार निर्माण तथा प्रचारप्रसारलगायतका काम गर्न नसकेकाले जनकपुरधाममा होटलको संख्या बढे पनि भविष्य संकटग्रस्त रहेको जानकारहरू बताउँछन्।  -रासस

# 'लोप' हुने अवस्थामा लोसपा...

शीर्ष नेतृत्वबीच वैचारिक एकता नहुनु प्रमुख कारण रहेको बताउँछन् । 'लोसपामा धेरै नेताहरू छन, तर एकको अर्कोसँग बिचार मिलेको देखिँदैन । सबैले आ आफ्नै पार्टीको नेतृत्व गरेर आएका छन् ।'

उनी अगाडि भन्छन्, 'सबैले कुनै पनि निर्णयमा सबैले आफ्नो भलो खोज्छन्, आफ्नै नजिकका मान्छेलाई जिम्मेवारी दिन चाहन्छन् । आफ्नो जिहजुरी गर्नेलाई ठाकुर जिल्ला, प्रदेशको जिम्मेवारी दिन्छन्, राजेन्द्र महतोले आफ्नो जिहजुरी गर्नेलाई रोज्छन्, भण्डारीले आफ्नो । यसरी पार्टीका लागि दिन रात खट्ने नेता तथा कार्यकर्ताको कुनै मुल्यांकन नै हुँदैन । त्यसकारण पार्टीप्रति आमकार्यकर्ताको निरशा बढेर अन्य पार्टीतर्फ लाग्छन् ।' अर्को कारण पार्टी अध्यक्ष ठाकुर नेतृत्व गर्न सक्षम हुँदा पनि पनि केही सीमित व्यक्तिहरूको घेराबन्दीमा परेर समयअनुसार पार्टीलाई गतिशिल बनाउन नसक्दा लोसपाको यस्तो हविगत भएको अलीको तर्क छ । यता, पार्टी अध्यक्ष महन्थ ठाकुरका निकट मानिएका लोसपाका मधेश प्रदेश अध्यक्ष तथा प्रदेशका भौतिक पूर्वाधार मन्त्री जितेन्द्र सोनल विभिन्न कारणले पछिल्लो समय पार्टीको गतिविधि कम भएको स्वीकार गर्छन् । 'पार्टीको केन्द्रमै कुनै गतिविधि नभएपछि प्रदेश र जिल्लामा हुने कुरा भएन,' सोनल भन्छन्, 'पार्टी अध्यक्षको स्वास्थ्यलगायतका कारणले पार्टीले संगठन विस्तार, कार्याकर्ता प्रशिक्षण लगायतका काम अगाडि बढाउन सकेन । तर अब पार्टी त्यसतर्फ सक्रिय रुपमा अगाडि बढ्छ ।'

पार्टी नेतृत्वको विषयमा सोनल भन्छन्, 'जीवनको उत्तरार्द्धमा पनि उहाँ ऊर्जाशील हुनुहुन्छ, उहाँमा ऊर्जाको कुनै कमी छैन । रह्यो कुरा नेतृत्व परिवर्तनको त त्यो पार्टीभित्रको आपसी सम्झदारीको विषयमा हो । मेरो स्तरबाट बोल्नु आवश्यक छैन ।'

लोसपाको ग्राफ घट्दै गए पनि केन्द्र र प्रदेशमा पनि सत्तामा रहेको पार्टी हो । केन्द्रमा वरिष्ठ नेता शरत सिंह भण्डारीको नेतृत्वमा र मधेश प्रदेशमा रमेश प्रसाद कुर्मीको नेतृत्वमा सरकारमा गएको छ ।

वरिष्ठ पत्रकार तथा राजनीतिक विश्लेषक चन्द्रकिशोर लोसपा मात्र होइन मधेश केन्द्रित सबै दलहरूले सत्ताको स्वार्थमा आफ्नो मुख्य एजेण्डा नै छोड्दै गएपछि कमजोर अवस्था पुगेको बताउँछन् । खास लोसपा यो मामिलामा निकै अगाडि रहेको उनी बताउँछन् । 'जुन धार, जुन लाइन लिएर महन्थ ठाकुर कांग्रेस त्याग गरी मधेश केन्द्रित राजनीतिमा सक्रिय भएका थिए, त्यो धारा नै यतिबेला संकटमा छ, त्यो धार महन्थ ठाकुर सँगै बागमतीमा विर्सजन त हुने होइन भन्ने आशंका छ,' उनी भन्छन्, 'कारण, पार्टी नेतृत्वमा मुद्दालाई रिफाइन्ड गर्ने, आफ्नो मुद्दामा जनतालाई कन्भिन्स गर्ने, समय सापेक्ष रणनीति बनाउने, कार्य नीति बनाएर अगाडि बढ्ने, संगठन विस्तारदेखि कार्यकर्तालाई समय सापेक्ष प्रशिक्षण दिने लगायतका कार्यहरू नेतृत्वबाट हुन सकेन ।' - शिलापत्र

# तराई मधेसमा राखी (रक्षाबन्धन) पर्वको चहलपहल सुरु



**धवेन्द्रकुमार यादव यदुवंशी**

**भदौं ९ गते, महोत्तरी**

महोत्तरी(औरही) -तराई मधेसमा यतिबेला राखी (रक्षाबन्धन) पर्वको चहल पहल सुरु भएको छ। साउन शुक्लपक्ष शुरु भएसँगै सिंगो तराई-मधेसका गाउँ,नगर बस्तीमा दिदीबहिनी र दाजुभाइबीच प्रेम दर्शाउने गीतको धून गुञ्जि रहेको छ। आउने बिहिवार (भदौं १४ गते ) यो पर्व धुमधामका साथ मनाउने तयारी दिदी बहिनीहरुले गरेका छन्।

दाजुभाइ तथा दिदी,बहिनी बीच प्रेम, समर्पण र आपसी सम्बन्ध कहिल्यै नटुट्ने प्रतिबद्धता जनाइने यो पर्व यस क्षेत्रको महान् साँस्कृतिक पर्व भएको मिथिला लोकसंस्कृतिका ज्ञाताहरु बताउँछन्। अहिले महोत्तरी जिल्लाको औरही नगरपालिका १ मा लाग्ने औरही बाजार देखि तराई-मधेसका हाटबजारहरुमा आ-आफ्ना दाजुभाइलाई बाँधिने राखी किन्न किशोरी, युवती, महिलाहरुको निकै चहलपहल देखिन्छ। विवाह भएर गएका चेलीहरु मोबाइल फोन, चिट्ठीको र नेटका साधनबाट आफ्ना दाजुभाइ कहाँ छन् पत्ता लगाएर राखी बन्धनमा आउने निम्तो दिने क्रम चलिरहेको छ।

त्यसैगरी अविवाहित चेली पनि काम विशेषले घर बाहिर रहेका दाजुभाइलाई सम्झँदै पूर्णिमाका दिन राखी बन्धनमा आउने निम्तो दिनमा तल्लीन छन् । दाजुभाइ प्रति देखाइने प्रेम र पर्वको पूर्व तयारीले १५ दिन बितेको थाहै नपाइने गरेको पर्वका लागि राखी छान्न औरहीबजार पुगेकी औरही २ की मंजु यादव र गौशालाबजार पुगेकी गौशाला नगरपालिका १० की रंजना महतो बताउँछिन् । आउने विहिवारका दिन मनाइने यस पर्वका लागि अहिले सिङ्गो तराई मधेश क्षेत्रको दिदीबहिनी नै उत्साहित देखिन्छन् । अर्कातिर, राखीको कारोवार गर्ने व्यापारी उत्तिकै व्यस्त छन् । ग्राहकको रोजाइमा परेका राखीको डिजाइनको माग र त्यसको आपूर्ति अहिले आफ्नो मुख्य ध्येय रहेको व्यापारीहरुको भनाइ छ।

सत्ययुगमा तीनै लोक (स्वर्ग, मर्त्य र पाताल ) को अधिपति दानवराज बलिलाई उनका बहिनी गङ्गा र यमुनाले युद्धमा जानुअघि विजयको कामना गर्दै हातमा रक्षाबन्धन बाँधिदिएको र युद्धमा बलिको जीत भएको सम्झनामा प्रत्येक वर्ष साउन शुक्ल पूर्णिमाका दिन दिदीबहिनीले आफ्ना दाजुभाइको सौर्य वृद्धिको कामना गर्दै राखी बाँधी दिने परम्परा छ। पर्वमा ब्राह्मण पुरोहितले शास्त्रोक्त विधिबाट अभिमन्त्रित डोरा यजमानलाई बाँधिदिने परम्परा भए पनि मिथिलामा भने मुख्य आकर्षण दिदीबहिनी कै हातबाट राखी बाँधिनु रहेको छ।

मधेसी समुदायले मनाउने यस रक्षा बन्धन पर्व पछिल्ला दिनहरुमा पहाडी समुदायका दाजु भाइ दिदी बहिनी बीच उत्साहका साथ मनाउन थालेका छन् ।

त्यसैगरी विगतमा हिन्दु धर्मावलम्बीले मात्र मनाउने यो पर्व पछिल्लो समय साँस्कृतिक घुलमिलले इस्लाम धर्मावलम्बीले पनि मनाउने गरेका छन्। देखासिकीमात्र नभई पर्वको रमाइलो तथा आत्मीय आकर्षणका कारण इस्लाम धर्मावलम्बीले समेत मनाउन थालेका हुन्।






# धरानमा गाई काट्नेलाई कारवाहीको माग गर्दै इटहरीमा प्रदर्शन



**खबर दर्पण समाचारदाता**

**भदौं ९ गते, इटहरी**

हिन्दुधर्म समर्थकहरुले गाई गोरु काट्नेलाई कारवाही गर, हिन्दु राष्ट्र कायम गर, सद्भाव भाड्ने धरानका मेयर मुर्दावाद, गृहमन्त्री राजीनामा देऊ जस्ता नारा लगाउँदै प्रदर्शन गरिरहेका छन्।

धरान : धरानमा गाईगोरु काट्नेलाई तत्काल पक्राउ गरी कारवाही गर्नुपर्ने माग राखेर इटहरीमा हिन्दुधर्म समर्थकहरुले प्रदर्शन गरेका छन्। शनिबार धरानमा गर्ने भनिएको प्रदर्शनमा स्थानीय प्रशासनले निषेधाज्ञा लगाएर प्रतिबन्ध गरेपछि उनीहरुले इटहरीमा प्रदर्शन गरेका हुन्।

नेपालका प्रथम जगत गुरु बालसन्तको नेतृत्वमा हिन्दुधर्म समर्थकहरुले गाई गोरु काट्नेलाई कारवाही गर, हिन्दु राष्ट्र कायम गर, सद्भाव भाड्ने धरानका मेयर मुर्दावाद, गृहमन्त्री राजीनामा देऊ जस्ता नारा लगाउँदै प्रदर्शन गरि रहेका छन्।

जिल्ला प्रशासन कार्यालय सुनसरीले हिजो राति १२ बजेदेखि आज राती १२ बजेसम्म निशेषाज्ञा जारी गरेपछि धरानलाई प्रहरीले चौतर्फी घेराबन्दी गरेर शान्ति सुरक्षा प्रदान गरेको छ।

लर्गाआदिबासी जनजाती महासंघ धरान नगर समितिले मंगलबारेमा गाई गोरु काटेर भोज गरेको भिडियो सामाजिक सञ्जालमा हालिपछी हिन्दुधर्म समर्थकहरु आन्दोलित भएका हुन्। देशभरीबाट धरानमा विरोध प्रदर्शन गर्न आउँदै गरेका प्रदर्शनकारीहरुलाई प्रहरीले बिच बाटोमै रोकिदिएको छ। धरान, इटहरी, इनरुवा, बराहक्षेत्र लगायतबाट भेला भएका प्रदर्शनकारीहरुले विरोध गरिरहेका छन।

जगत गुरु बालसन्तले प्रहरीले शान्तिपूर्ण आन्दोलन गर्न प्रतिबन्ध लगाएको आरोप लगाए। धरानमा केहिदिनदेखि गौमाताको हत्या गरि रहेकोले गौमातको रक्षा गर्न र सामाजिक सद्भाव नबिथोलियोस् भनेर धरानमा शान्तिपूर्ण प्रदर्शन आयोजना गरिएको बताए। बालसन्तले गाईगोरु काट्नेलाई तत्काल पक्राउ गरि कारवाही गर्न माग गरेका छन्।

उनले सरकारले संविधानको रक्षा गर्न नसकेको पनि आरोप लगाए। धरानमा गाई काटेर कानुनलाई खुल्ला चुनौती दिँदासमेत राष्ट्रिय जनावर गाई काट्नेलाई कारवाही नगरिएको घटनाले सरकारले संविधानको रक्षा गर्न नसकेको बालसन्तको आरोप छ।

प्रदर्शनकारीहरुलाई धरान प्रवेशमा रोक लगाउँदै तरहराको पानीपियामा जिल्ला प्रहरी कार्यालय सुनसरीका डिएसपी राजकुमार राई र सशस्त्र प्रहरी बल ४ नम्बर गणका डिएसपी प्रेम सिग्देलको नेतृत्वमा ५ सय भन्दा बढी प्रहरीले धरान जान रोक लगाएका छन्।

धरानमा ५ हजार भन्दा बढी जनपद प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएपछी धरान शान्त बनेको छ। धरानमा सामाजिक सदभाव भड्किन नदिन कोशी, मधेश र बागमती प्रदेशका विभिन्न जिल्लाबाट थप प्रहरी ल्याएर शान्तिसुरक्षा मजबुत पारिएको कोशी प्रदेशका प्रहरी प्रमुख राजेशनाथ बास्तोलाले बताए।

गाई काट्नेलाई कारवाही नगरेको भन्दै प्रदर्शनकारीले गृहमन्त्रीको राजीनामासमेत माग गरेका छन्।

# सनातन हिन्दु धर्मको रक्षा र सद्भावको आह्वान गर्दै महोत्तरीमा शान्तिपूर्ण मोटरसाइकल र्‍याली प्रदर्शन

**महोत्तरी,(औरही)**- वैदिक सत्य सनातन हिन्दु धर्मको रक्षा र सद्भावको आह्वान गर्दै महोत्तरीमा शान्तिपूर्ण मोटरसाइकल र्‍याली प्रदर्शन गरिएको छ।

औरही नगरपालिका वडा १ बाट निकालिएको उक्त मोटरसाईकल र्‍याली औरही नगरपालिका, बर्दिवास नगरपालिका र गौशाला नगरपालिकाको परिक्रमा गरेका थिए।

शनिवार सनातन हिन्दु धर्मका प्रचालक बिनय कुमार झाको नेतृत्वमा निकालिएको उक्त र्‍यालीमा सयौं को सहभागीता रहेको थियो ।

# महोत्तरी युवा सञ्जालद्वारा हरियो गौशाला बनाउने अभियानको निरन्तरता

**खबर दर्पण समाचारदाता**

**भदौं ९ गते, महोत्तरी**

महोत्तरी -गौशाला नगरपालिकालाई हरियो गौशाला बनाउने तथा पर्यावरण संरक्षण गर्ने उद्देश्यको साथ वृक्षारोपन तथा पर्यावरण संरक्षण अभियान सञ्चालन हुँदै आएको छ ।

सोही अभियानको निरन्तरता दिदै यस बर्ष पनि बृहत् वृक्षारोपन तथा निःशुल्क बिरुवा बितरन कार्यक्रम गरिरहेको छ।

गौशाला नगरभरी सार्वजनिक स्थलहरु, बाटो ,कृषि बाटो, विधालय ,मठमन्दिर तथा बाझो खेत वा खोला किनारमा रोप्न किसानहरुलाई विभिन्न किसिमको बोट-बिरुवाहरु बितरन गरिने सञ्जालका केन्द्रीय सदस्य भरत महतो कोइरीले बताए ।

उनका अनुसार नगरभरिको युवा क्लब तथा समाजिक संघ संस्थाहरुसँग सहकार्य गरी यसवर्ष गौशाला नगरभरिमा २५ हजार बोटबिरुवा रोपिने छ ।

बिभिन्न्न प्रजातिका बोटबिरुवाहरु जस्तै बेल ,इमली, तेजपात(पत्रक), गुलमोहर, करौंना, मलेसियन सखुवा, सिसो,पारिजात(सिङ्गहार), अमला,अम्बालगायतका विरुवाहरु वितरन भइरहेको सञ्जालका गौशाला कार्यसमिति अध्यक्ष राजिव साहले जानकारी दिए ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा